प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

(बजेट तथा कार्यक्रम महाशाखा)

प्रदेश नं. २

जनकपुरधाम, धनुषा

मिति २०७६/१२/१९

## कोरोना भाईरस संक्रमण (कोभिड-१९) प्रभावित मजदुर,श्रमिक,गरिब तथा आर्थिक रुपमा विपन्न किसानलाई राहत वितरण गर्न स्थानीय तहहरुलाई अनुदान उपलब्ध गराएको सम्बन्धी अत्यन्त जरुरी सुचना

प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०७६।१२।१८ गतेको निर्णयको आधारमा यस प्रदेशमा कोरोना भाईरस संक्रमण (कोभिड-१९) प्रभावित मजदुर,श्रमिक,गरिब तथा आर्थिक रुपमा विपन्न किसानलाई राहत प्याकेज उपलब्ध गराउनका लागि यस प्रदेशका स्थानीय तहहरुलाई तपशिल बमोजिमको अनुदान रकम रकमान्तर गरिएको व्यहोरा यस मन्त्रालयको मिति २०७६।१२।१८ गतेको निर्णयानुसार सम्बन्धित सबै सरोकारवालाहरुमा जानकारीको लागि अनुरोध छ।साथै उपलब्ध गराईएको अनुदान रकमको लागि सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यलयमा (धनुषा जिल्लाको हकमा प्रदेश लेखा नियन्त्रक कार्यलय ) सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

तपशिल

| क.सं. | स्थानीय तह | अनुदान रकम |
|---|---|---|
| १. | महानगरपालिका | रु.२५ लाख |
| २. | उप महानगरपालिकहरु (सबै) | रु.२० लाख (प्रति उप महानगरपालिका) |
| ३. | नगरपालिकाहरु (सबै) | रु.१५ लाख (प्रति नगरपालिका) |
| ४. | गाँउपालिकाहरु (सबै) | रु.१०लाख (प्रति गाँउपालिका) |

पुनश्च :- कोरोना भाईरस संक्रमण (कोभिड-१९) प्रभावित मजदुर,श्रमिक,गरिब तथा आर्थिक रुपमा विपन्न किसानलाई राहत वितरण (मापदण्ड तथा अनुगमन) निर्देशिका,२०७६ यस मन्त्रालयको बेबसाईट www.moeap.p2.gov.np मा समेत हेर्न सकिन्छ।

२०७६।१२।१९

सचिव